# नेपाल–भारत वार्तामा पुनरावलोकन आवश्यक




काठमाडौं । चुलिँदो व्यापारघाटा कम गर्न नेपाल–भारत वार्तामा पर्याप्त छलफल र पुनरावलोकन आवश्यक रहेको विज्ञहरूले बताएका छन् । बुधवार काठमाडौंमा आयोजना गरिएको अन्तक्रियिा कार्यक्रममा व्यापारविद्, उद्योगी र पूर्वसांसदले नोपालको व्यापार घाटाबारे चिन्ता व्यक्त गरेका हुन् ।

उद्योग वाणिज्य मन्त्रालय र साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती)को संयुक्त आयोजनामा 'नेपाल–भारत व्यापार सम्झौता : अवसर र चुनौती'बारे अन्तक्रियिा कार्यक्रम भएको छ । भारतसँग व्यापार वार्ता हुन गइरहेको अवस्थामा यस्तो कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा सावतीका अध्यक्ष पोषराज पाण्डेले नेपाल–भारत व्यापार सम्झौताबारे पुनरावलोकन गरिनुपर्ने धेरै विषय रहेको बताए । उनले सम्झौतामा भारतले आफ्नो स्वार्थ समावेश गर्न सफल भएको तर नेपाललाई भने सम्झौताले केही फाइदा नभएको उल्लेख गरे । कार्यक्रममा बोल्ने अन्य वक्ताले नेपालको निर्यातको अवस्था निकै कमजोर रहेको र त्यसलाई सुधार गर्नुपर्ने बताए । उनीहरूले नेपाल–भारत व्यापार सम्झौताको सुधारका लागि केही सुझावहरू पनि पेश गरेका थिए । कार्यक्रममा मन्त्रालयका अधिकारीहरूले यस कार्यक्रममा आएका सुझाव हुन गइरहेको वार्ताका लागि महŒवपूर्ण हुने बताए ।